Australian Government
Department of Infrastructure, Transport, Regional Development, Communications and the Arts

# बच्चाहरूको लागि के ठीक छ?

Nepali | नेपाली

## हेर्ने वा खेल्ने सामग्री छनोट गर्दा

चलचित्र वा खेलको लागि दर्जा र उपभोक्ताको सल्लाहले तपाईंलाई आफ्नो बच्चाको लागि सही सामग्री छनोट गर्न मद्दत गर्न सक्छ।

दर्जाहरू: G, PG, M, MA 15+ र R 18+ हुन्। उपभोक्ताको सल्लाह सामान्यतया छ प्रकारका सामग्री (वर्गीकरण योग्य तत्वहरू): विषयवस्तु, हिंसा, भाषा, लागूपदार्थको प्रयोग, नग्नता र सेक्ससँग सम्बन्धित हुन्छ।

तपाईंले प्रत्येक दर्जाको अर्थ के हो भनेर What do the ratings mean? मा पत्ता लगाउन सक्नुहुन्छ

यो जानकारीले तपाईंलाई चलचित्र (वा एपिसोड) वा कम्प्युटर गेममा कस्तो खालको सामग्री छ भन्नेबारे बताउनेछ। तपाईं यो जानकारी प्रयोग गरेर तपाईंको बच्चाले चलचित्र हेर्ने वा नहेर्ने गेम खेल्ने वा नखेल्ने वा तिनीहरूलाई अप्ठ्यारो पार्ने वा अनुपयुक्त हुने सामग्री छ कि छैन भन्ने निर्णय गर्न सक्नुहुन्छ।

अभिभावकीय नियन्त्रणहरू (Parental controls) ले तपाईंलाई अनुपयुक्त सामग्रीमा पहुँच सीमित गर्न पनि मद्दत गर्न सक्छ।

## दर्जा र उपभोक्ताको सल्लाह जाँच गर्नुहोस्

तपाईंले चलचित्र वा कम्प्युटर गेमको बारेमा राष्ट्रिय वर्गीकरण डाटाबेस (NCD) मा दर्जा र उपभोक्ताको सल्लाह पनि पाउन सक्नुहुन्छ।

NCD ले छ वटा वर्गीकरण योग्य तत्वहरू (विषयवस्तु, हिंसा, भाषा, लागू पदार्थको प्रयोग, नग्नता र यौन) रहेको छ कि छैन र यसको प्रभावको स्तर देखाउँछ। तपाईंले चलचित्र वा कम्प्युटर गेमलाई 'किन यो वर्गीकरण?' खण्डमा निश्चित दर्जा दिनुका कारणबारे पनि थप जानकारी पाउन सक्नुहुन्छ।

दर्जा र उपभोक्ताको सल्लाह स्ट्रिमिङ सेवाहरू, अनलाइन गेमिङको पसल अगाडी, डिजिटल डाउनलोडहरू, सिनेमा, डीभिडी (DVD) हरू, ब्लु रे र कम्प्युटर गेमको प्याकेजिङमा देखाइन्छ। चलचित्रहरू र कम्प्युटर गेमहरूको विज्ञापनमा पनि दर्जाको जानकारी समावेश हुनसक्छ।

## अभिभावकीय नियन्त्रणहरू (parental controls) प्रयोग गर्नुहोस्

तपाईंले अभिभावकीय नियन्त्रणहरू प्रयोग गरेर तपाईंको बच्चाले अनलाइन पहुँच गर्न सक्ने सामग्रीको प्रकारलाई निगरानी र सीमित गर्न सक्नुहुन्छ। अधिकांश स्ट्रिमिङ सेवाहरू, कम्प्युटर गेम कन्सोलहरू र डिजिटल उपकरणहरूले उमेरमा आधारित अभिभावकीय नियन्त्रणहरू प्रदान गर्छन्। धेरैले तपाईंलाई दर्जाको आधारमा सामग्रीमा पहुँच रोक्न अनुमति दिन्छन्।

e-Safety Commissioner सँग अभिभावकीय नियन्त्रणहरू र यसलाई कसरी प्रयोग गर्ने भन्नेबारे थप जानकारी छ।